नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं. ०७८।०७९

मिति: २०७८/०९/०८

**सहिद तथा बेपत्ता परिवारका सदस्यहरुलाई सहिद स्मृति भत्ता प्राप्तिको लागि निवदेन दिने सम्बन्धी सूचना ॥**

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालय विरेन्द्रनगर, सुर्खेतले मिति २०७८।०७।०७ गतेको सूचना बमोजिम जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा सहिद तथा बेपत्ता भएका परिवारका सदस्यलाई स्थानीय तहमार्फत सहिद स्मृति प्रदान गर्न **"सहिद स्मृति भत्ता विवरण कार्यविधि, २०७८"** स्वीकृत भएकोले सहिद स्मृतिको भत्ताका लागि तपशिलमा रहेको कागजात सहित यसै संलग्न निवेदनको ढाँचा भरि यस नौमूले गाउँपालिका २०७८ पौस १५ गते भित्र स्मृति भत्ता प्राप्तिको लागि निवदेन दिन हुन सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल:</u>
आवश्यक कागजातहरु :

१) निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

२) सहिद वा बेपत्ता संगको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

३) जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सहिद वा बेपत्ता भएको प्रमाण खुल्ने कागजात वा बेपत्ताको हकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले दिएको परिचयपत्रको प्रतिलिपि,

४) हकवालाको खाता नंम्बर स्पष्ट देखिने बैंक खाता नम्बरको प्रतिलिपि ।

..........................................
भुपेन्द्र शाही
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

"जलविद्युत, जडिबुटी, पर्यटन, पूर्वाधार, व्यवसायिक कृषि, र सुशासन नौमूलेका मूल आधार"
Website: naumulemun.gov.np Email: naumulegapa@gmail.com